नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(कर्मचारी प्रशासन शाखा)

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- २०७१/०७२

चलानी नं.:- २६८३

मिति: २०७१।११।१८

विषय:- निर्देशन सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालयहरु सबै,

प्रस्तुत विषयमा जिल्ला विकास समितिको कार्यालय पांचथर अन्तर्गतका गा.वि.स. सचिवहरु गा.वि.स को कार्यालय नगई जिल्ला सदर मुकाम मै वसी गा.वि.स.को कामकारवाही गर्ने गरेको भन्ने उजुरीको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालवाट गा.वि.स.का सचिवहरुलाई कार्यस्थलमा नै गई कामकाज गराउने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्वन्धित मन्त्रालयलाई लेखि पठाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग पूर्वाञ्चल क्षेत्रीय कार्यालय धनकुटाको च.नं. १७७६, मिति २०७१।१०।२९ को पत्रवाट लेखि आएको सन्दर्भमा सो सम्वन्धी यस मन्त्रालयको च.नं. १६६०, मिति २०६८।९।२० को परिपत्र पत्रवाट लेखि पठाईएकोमा हाल सम्म सो परिपत्रको पालना नभएको हुंदा पुन: पत्र लेख्ने कार्य भएको छ, सोही अनुसार गर्नु गराउनु भै यस मन्त्रालयलाई सो को जानकारी गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७१।११।१८
शाखा अधिकृत

**बोधार्थ:**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
पूर्वाञ्चल क्षेत्रीय कार्यालय धनकुटा ।


भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(कर्मचारी प्रशासन शाखा)

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- २०७१/०७२
चलानी नं.:- 2658

मिति: २०७१।११।१८

विषय:- निर्देशन सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालयहरु सबै,

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पूर्वाञ्चल क्षेत्रीय कार्यालय धनकुटाको च.नं. २४७०, मिति २०७१।११।६ को पत्रवाट विभिन्न जिल्लाका गा.वि.स. कार्यालयहरुमा कार्यरत गा.वि.स. सचिवहरुले आफू कार्यरत गा.वि.स.को परिषदवाट निर्णयहरु गराई मनपरि रुपमा भत्ता रकमहरु बुझ्ने गरेको पाईएकोले निजहरुले गा.वि.स. अध्यक्षको रुपमा काम गरे वापत नेपाल सरकारबाट प्राप्त तलव भत्ता बाहेक कुन आधारमा कहिलेवाट, कति भत्ता सुविधा लिने गरेका छन् सो भत्ता लिने सम्वन्धमा मन्त्रालयको कुनै निर्देशन वा कानूनी प्रावधान रहे सो समेत खुलाई पठाई दिनु हुन भनी लेखि आएकोले सो सम्वन्धमा यस मन्त्रालयको च.नं. ३१८, मिति २०६०।५।१५ र च.नं. ३६०५, मिति २०६७।११।८ को पत्रवाट परिपत्र गरिसकिएको तर सो सम्वन्धी कार्य कार्यान्वयन नभएको हुंदा पुन: पत्र लेख्ने कार्य भएको छ, सोही अनुसार गर्नु गराउनु भै यस मन्त्रालयलाई सो को जानकारी समेत गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७१।११।१८
शाखा अधिकृत

**बोधार्थ:**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
पूर्वाञ्चल क्षेत्रीय कार्यालय धनकुटा :- यस मन्त्रालयको मिति २०६०।५।१५ च.नं. ३६०५ को परिपत्रको प्रतिलिपि साथै छ ।


भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।